# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८०
च.नं. १८०९
१ नं. प्रदेश नेपाल
मितिः २०७९/१०/२९

श्री सिद्धिचरण नगरपालिका भित्रका सबै विद्यालयहरु,
ओखलढुङ्गा ।

विषय : वार्षिक परीक्षा सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ को नगरपालिकास्तरीय आधारभूत तह (कक्षा-८) को अन्तिम परीक्षा देहाय बमोजिमको समयतालिका अनुसार सञ्चालन गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै एसइई बाहेक कक्षा ९ सम्मका अन्य कक्षाको वार्षिक परीक्षा पनि कक्षा ८ को वार्षिक परीक्षा कार्यक्रमसँग तादम्यता हुनेगरी तपसिलको निर्देशन बमोजिम सञ्चालन गर्ने व्यवस्था मिलाउन नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल :**

**शै.स. २०७९ को कक्षा ८ को वार्षिक परीक्षा समय-तालिका मिति २०७९ चैत्र ६ देखि १४ गते सम्म**

**समय : दिनको ११:०० बजेबाट**

| क्र.सं. | मिति | विषय | सैद्धान्तिक पूर्णाङ्क | समयावधि |
|---|---|---|---|---|
| १ | २०७९ साल चैत्र ६ गते सोमबार | अङ्ग्रेजी | ७५ | २ घण्टा १५ मिनेट |
| २ | २०७९ साल चैत्र ७ गते मंगलवार | नेपाली | ७५ | २ घण्टा १५ मिनेट |
| ३ | २०७९ साल चैत्र ८ गते बुधवार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | ७५ | २ घण्टा १५ मिनेट |
| ४ | २०७९ साल चैत्र ९ गते बिहीवार | विज्ञान तथा वातावरण | ७५ | २ घण्टा १५ मिनेट |
| ५ | २०७९ साल चैत्र १० गते शुक्रवार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | ५० | १ घण्टा ३० मिनेट |
| ६ | २०७९ साल चैत्र १२ गते आइतवार | गणित | १०० | ३ घण्टा |
| ७ | २०७९ साल चैत्र १३ गते सोमबार | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३० | १ घण्टा |
| | | नैतिक शिक्षा | २५ | ४५ मिनेट |
| ८ | २०७९ साल चैत्र १४ गते मंगलवार | स्थानीय विषय/कम्प्युटर/अन्य | ५० | १ घण्टा ३० मिनेट |

- ✓ कुनै दिन सार्वजनिक विदा पर्न गएमा पनि परीक्षा समितिको पूर्वजानकारी नभई परीक्षा स्थगित हुनेछैन।
- ✓ कक्षा ८ बाहेक अन्य कक्षा ( कक्षा १ देखि ९ सम्म) को परीक्षाको विषयगत रुटिन कक्षा ८ को समयतालिकासँग तालमेल हुने गरी विद्यालयले तय गर्नुपर्नेछ ।
- ✓ सम्वन्धित विद्यालयलाई परीक्षा केन्द्र र प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ, साथै सम्वन्धित विद्यालयका विषयगत शिक्षकहरुबाट उ.पु.परीक्षण गर्ने व्यवस्था बिद्यालयले मिलाउनु पर्नेछ ।
- ✓ शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा सहभागि हुने कक्षा ८ का विद्यार्थीहरुको विवरण जन्मदर्ता प्रमाण पत्रका आधारमा School Level EMIS मा अद्यावधिक गरी मिति २०७९।११।२५ गतेभित्र सम्वन्धित विद्यालयले शिक्षा शाखासँगको समन्वयमा अपलोड गर्नुपर्नेछ ।
- ✓ २०७९ साल चैत्र ४ गतेका दिन नगरपालिकाको शिक्षा शाखाबाट विद्यालयको आधिकारिक पदाधिकारीले प्रश्नपत्र लगायत परीक्षा सम्वन्धी कागजातहरु बुझेर लैजाने व्यवस्था विद्यालयले गर्नुपर्नेछ ।
- ✓ IEMIS बाट कक्षा ८ को परीक्षा सम्वन्धी Template download गरी उक्त Template मा विद्यार्थीको प्राप्तांक Entry गरेर सफ्टकपीका साथै शाखाले उपलब्ध गराएको मार्कलेजरमा विद्यार्थीको प्राप्तांक भरेर हार्डकपी समेत प्रमाणित गरी विद्यालयले मिति २०७९ चैत्र २३ गतेभित्र शिक्षा शाखामा पेश गर्ने।
- ✓ विद्यालयहरुले २०७९ साल चैत्र २० गते सम्म परीक्षासम्वन्धी काम सम्पन्न गरी २३ गते भित्र शिक्षा शाखाबाट नतिजा प्रमाणीकरण गर्ने र चैत्र २४ गते विद्यालयमा नतिजा प्रकाशन गर्ने र तत्पश्चात शैक्षिक सत्र २०८० को शैक्षिक कार्यपात्रो तयार गर्नुपर्नेछ ।
- ✓ थप जानकारीको लागि : सम्पर्क नं. ९८४२८८८८५२

फणिन्द्र बहादुर कटवाल
शाखा अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा :- वेब साइटमा अपलोड गर्नुहुन ।

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np